निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बार्षिक योजना कार्यान्वयन गर्ने सन्दर्भमा वडा तथा शाखागत रुपमा तयार भई पेश भएको बार्षिक कार्ययोजना स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो । साथै वडागत योजनाहरुको सन्दर्भमा उपभोक्ता समिति तथा ठेक्का मार्फत गरिने योजनाहरु वर्गीकरण गरि ठेक्का मार्फत गरिने योजनाहरु कार्यान्वयन प्रकृया अगाडी बढाइदिन गाउँपालिकाको कार्यालयमा सिफारिस गर्ने तथा उपभोक्ता समिति मार्फत गरिनेको हकमा उपभोक्ता समिति गठन गरि कार्यान्वयन प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं.३ माथि छलफल गर्दा तिनाउ गाउँपालिकामा अवस्थित भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न जिल्ला स्थित भूमि आयोगबाट तथ्यांक संकलन भइ अभिलेखीकरणको अन्तिम चरणमा पुगेको र भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीको निस्सा वितरण समेत भइसकेको अवस्थामा निस्सा वितरण गर्न १६ गते देखि १ नं वडा देखि क्रमश सबै वडाहरुमा अव्यवस्थित बसोबासीको निस्सा वितरण गर्ने निर्णय गरियो । साथै शनिवार परेको वडामा सो को भोलीपल्ट आइतवार वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : प्रस्ताव नं.४ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको चालू आर्थिक बर्ष २०८२।०८३ को स्विकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत प्रत्येक वडामा दशैं सोरसार योजनाहरु बार्षिक रुपमा सोरसारका कार्यक्रमलाइ समेट्ने गरि मितव्ययी तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित वडा कार्यालयबाट कुन विधिबाट कार्यान्वयन गर्ने हो सो निर्णय गरि गाउँकार्यपालिकाको कार्यालयलाइ सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ५ : प्रस्ताव नं.५ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको कार्यसञ्चालन तथा कार्यसम्पादनलाइ प्रभावकारी तथा वैधानिकता प्रदान गर्ने प्रयोजनार्थ तयार गरिएका देहायका कार्यविधीहरु परिमार्जन तथा शुद्धाशुद्धी सहित स्विकृत गर्ने निर्णय गरियो ।

१. तिनाउ गाउँपालिकाको कृषक समुह गठन,सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०८२
२. तिनाउ बालकोष सञ्चालन कार्यविधी,२०८२
३. तिनाउ गाउँपालिकाको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी,२०८२
४. तिनाउ गाउँपालिकाको हलगोरु पाल्ने किसानलाई उपलब्ध गराउने अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि ,२०८२
५. तिनाउ गाउँपालिकाको नदिजन्य तथा निर्माणजन्य पदार्थ उत्खनन् ,व्यवस्थापन सम्बन्धमा मेशिनरी उपकरण प्रयोग तथा नियमन सम्बन्धी कार्यविधी,२०८२

निर्णय नं ६ : प्रस्ताव नं.६ माथि छलफल गर्दा देहायबमोजिमको सर्वसम्मत निर्णयहरु गरियो ।

क. तिनाउ गाउँपालिकाको कृषि उपज संकलन तथा बिक्रि केन्द्र सञ्चालन कार्यविधी,२०८१ देहायबमोजिम संशोधन तथा कायम गर्ने ।

अ. परिच्छेद – ५ को दफा १३ को उपदफा क) मा रहेको बिक्रेता को सट्टामा सहायक कम्प्यूटर कायम गर्ने ।

आ. परिच्छेद-५ को दफा १४ को पारिश्रमिक महल खण्डमा भएको "*नेपाल सरकारको स्थानीय सेवा सहायक पाँचौ सरह* "भन्ने वाक्यांश हटाई सबै खण्डमा "*कार्यसमितिको निर्णय अनुसार*" भन्ने वाक्यांश कायम गर्ने ।

इ. परिच्छेद ५ को दफा १४ को क्र.स. २ को योग्यता महल खण्डमा " *८ कक्षा पास बजार सम्बन्धी ज्ञान भएको साधारण लेखपढ गर्न सक्ने* " वाक्यांश हटाई " *न्यूनतम SLC वा सो सरह उत्तिर्ण भई बजार व्यवस्थापन सम्बन्धी ज्ञान भएको र आधारभूत कमप्यूटर सम्बन्धी तालिम प्राप्त* " भन्ने वाक्यांश कायम गर्ने ।

ख. तिनाउ गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालिविकास देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुलाई संघीय सरकारले उपलब्ध गराउने दिवा खाजा स्वरुपको अनुदान रकम अनुरुप दिवा खाजा सञ्चालन गर्ने र कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरुलाइ पनि अन्य विद्यार्थीले प्राप्त गर्ने दिवा खाजा स्वरुपको अनुदान रकम गाउँपालिकाबाट सुनश्चित गरि दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने ।

ग. तिनाउ गाउँपालिकाको विभिन्न नदि घाटहरु मध्ये स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुरुप नदिजन्य पदार्थको आय ठेक्काको लागि आवश्यक प्रकृया अगाडी बढाई आय ठेक्काको बन्दोबस्ती गर्ने ।

घ. तिनाउ गा.पा वडा न ६ मा स्थित बेलडाडा लिफ्टिंग खानेपानी योजना बिगत ५ बर्ष पहेले देखि नै निर्माणको कार्य सुरु भएको र बिचमा विभिन्न समस्याले गर्दा हाल सम्म पनि पानी वितरणको कार्य हुन नसकेको र गत आ.व मा सम्पूर्ण कार्य सम्पन्न भई बिधुत मिटर सम्म जडान भैसकेको र अब पम्प मोटर जडान र केमिकल अर्थिंग को काम मात्रै गर्नु पर्ने भएकोले आवश्यक लागत अनुमान तयार गरि आवश्यक कार्य गर्ने ।